**ALL INDIA RADIO GANGTOK**

**NEPALI NEWS BULLETIN**

**BROADCAST: 18:40hrs** **Date:25.04.2024**

- **Darjeeling PC Election**

छिमेकी राज्य पश्चिम बंगालको दार्जीलिङ जिल्लासहित देशका तेहवटा राज्यहरूमा अठासीवटा संसदीय क्षेत्रका निम्ति भोली दोस्रो चरणको मतदान हुनेछ। सूचारू मतदानलाई लिएर निर्वाचन आयोगले सम्पूर्ण तयारी पूरा गरेको छ। अन्यसितै यस राज्यका दार्जीलिङ, रायगंज र बालुरघाटका लागि भोली विहान सात बजीदेखि साँझ छह बजीसम्म मतदान हुनेछ। साँझ छ बजीसम्ममा मतदानका लागि लाइनमा लागेका मतदाताहरूले आफ्नो मत दिएपछि मात्र मतदान प्रक्रिया पूरा हुनेछ। दार्जीलिङ जिल्लाका सबै मतदान टोलीहरू मतदान सामग्रीहरू लिएर आ-आफ्नो मतदान केन्द्रमा प्रस्थान भइसकेका छन्।

---------------------------------------X---------------------------------------

- **Power Shotdown**

रम्फूस्थित मामरिङ सपस्टेशनको मरमत्तिको कार्यलाई ध्यानमा राख्दै भोली अर्थात छब्बीस अप्रेलदेखि दुई मईसम्म बिहान पाँचदेखि आठ बजीसम्म विजुली आपूर्ती बाधित हुने भएको छ।
विद्युत विभागले आज एउटा सूचना जारी बताएअनुसार विजुली आपूर्ति बाधित हुने स्थानहरूमा रम्फू, मामरिङ, माझिटार, बाघेखोला, माइनिङ, पश्चिम पाण्डाम र मध्य पाण्डाम रहेका छन्।

---------------------------------------X---------------------------------------

- **Monsoon Preparedness Meeting**

आगामी वर्षाको मौसमसित सम्बन्धित तयारीलाई लिएर आज जिल्ला प्रशासनिक केन्द्रको सम्मेलन कक्षमा बैठक बस्यो। गान्तोकका जिल्लाधीश एवं प्राधिकरणका अध्यक्ष श्री तुसार G निखारेको अध्यक्षतामा गान्तोक जिल्ला आपदा प्रबन्धन निकायद्वारा आयोजित बैठकमा अतिरिक्त जिल्लाधीश एवं सदस्य सचिव श्री रोहन अग्वाने, गान्तोकका सहायक पुलिस अधिक्षक श्री पासङ लेप्चा तथा प्राधिकरणका उपनिदेशक श्री सोनाम वाङग्याल लेप्चाको उपस्थिति थियो। बैठकमा जिल्लाधीशले तयारीको समिक्षा गर्दै मानिसहरूको सुरक्षा र कल्याणका निम्ति सक्रिय पहलको महत्त्वमाथि प्रकाश पार्नुभयो। उहाँले यस अवधि आउने चुनौतीको प्रभावकारी ढङ्गमा सामना गर्न कार्य योजना, तत्काल हस्तक्षेप र सञ्चारको रणनीतिमाथि जोड़ दिनुभयो। श्री निखारेले सम्बन्धित विभागलाई वर्षायामको समयमा सड़क बाधित हुनबाट रोक्न ढल निकासी र झोड़ा सफा भएको सुनिश्चित गर्ने सल्ला दिनुभएको छ।

---------------------------------------X---------------------------------------

- **Strong Room Inspection**

सिक्किमका मुख्य निर्वाचन अधिकारी श्री D आनन्दनले आज बुर्तुकस्थित डाइट कलेजस्थित नियन्त्रण कक्षको निरीक्षण गर्नुभयो। निरीक्षणको उद्देश्य चुनावी प्रक्रियाको अखण्डताको सुरक्षाका लागि सुरक्षा उपायको आकलन गर्नु अनि मतपत्र र अन्य निर्वाचन सामग्रीहरू गणना नभएसम्म सुरक्षित रूपमा भण्डारण गरिएको सुनिश्चित गर्नु रहेको थियो। यस अवसरमा अन्य बाहेक जिल्लाधीश एवं जिल्ला निर्वाचन अधिकारी श्री तुसार G निखारे र अतिरिक्त जिल्लाधीश श्री रोहन अग्वाने हुनुहुन्थ्यो। भ्रमण अवधि मुख्य निर्वाचन अधिकारीले नियन्त्रण कक्ष परिसरको निरीक्षण गर्नका साथै अधिकारीगणलाई महत्त्वपूर्ण स्थानमा क्यामारा जड़ान गर्ने र अतिरिक्त सुरक्षा उपायको प्रबन्ध गर्ने निर्देश दिनुभयो। उहाँले गान्तोकका जिल्ला निर्वाचन अधिकारीलाई नियन्त्रण कक्ष वरीपरी CCTV क्यामारा जड़ान गर्न र कड़ा सुरक्षा व्यवस्था मिलाउनसितै सुरक्षा उपायमा अधिक ध्यान दिने सल्लाह दिनुभयो।

---------------------------------------X---------------------------------------

- **Mangan Postal Ballot**

मंगनको जिल्ला प्रशासनिक केन्द्रले आज हुलाक कार्यालयबाट सेवा मतदाताहरूको कुल सैंतीसवटा मतपत्र (Postal Ballot) ग्रहण गर्‍यो। यी मतपत्रहरू मंगनका अतिरिक्त जिल्लाधीश श्री विशु लामाको निगरानीमा निर्वाचन अधिकारी र सबै राजनीतिक पार्टीका प्रतिनिधिहरूको उपस्थितिबीच समष्टिअनुसार छुट्याउनका साथै नियन्त्रण कक्षमा राखियो।
यसैक्रममा, पाकिम जिल्लाका निर्वाचन अधिकारीले पाकिम हुलाक कार्यालयबाट अहिलेसम्ममा कुल दुई सय पन्द्रवटा मतपत्र प्राप्त गरिसक्नुभएको छ।
हुलाक कार्यालयबाट प्राप्त गरिएका सबै मतपत्र मुख्यालयका महकुमा अधिकारी श्री महेन्द्र छेत्री र पाकिमका महकुमा अधिकारी श्री सन्देश सुब्बाको उपस्थितिबीच समष्टि र मितिअनुसार छुट्याउनका साथै नियन्त्रण कक्षमा राखेर मोहरबन्द गरियो।
यसले चुनाउ प्रक्रियाको अखण्डतालाई बनाइ राख्न डाक मतपत्र सुरक्षित राख्नमा पारदर्शिता र जवाफदेही सुनिश्चित गर्दछ।

---------------------------------------X---------------------------------------

- **Dzongu MLA**

क्षेत्र विधायक एवं यसपालिको चुनाउका निम्ति जङ्गुबाट सिक्किम क्रान्तिकारी मोर्चा पार्टीका प्रत्यासी श्री पिन्स्टो नामग्याल लेप्चाले यस क्षेत्रमा इन्टरनेटको उपलब्धता सम्बन्धमा सञ्चार मन्त्रालयलाई लेखेको पत्र अनि अथक प्रयासपछि अप्पर जङ्गुमा इन्टरनेट सेवा पूर्ण रूपमा उपलब्ध हुन थालेको छ।

तिङभोङमा स्थापित इन्टरनेट सेवा सम्बन्धी टावरको कार्य पूरा भएपछि अहिले तिङभोङ GPU, लिङज्या, साक्योङ, पेन्टोङमा इन्टरनेट सेवा शुरू भएको छ भने अन्य स्थानमा टावर स्थापनाको कार्य प्रगतिमा छ।

यसका निम्ति जङ्गुवासीले विधायक श्री लेप्चा, जमीनदाता, ग्राम पञ्चायत सदस्यगण, पासिङदङ प्रखण्ड कार्यालयका अधिकारीगण लगायत अन्यप्रति आभार व्यक्त गरेका छन्।

--------------------------------------X--------------------------------------

- **State Athletic Meet**

गान्तोकमा सम्पन्न हुने तीन दिवसीय पन्ध्रौं राज्य एथ्लेटिक मिटमा भाग लिन सोरेङ जिल्लाका कुल अड्तीसजना विद्यार्थीहरू आज राजधानी प्रस्थान भए। यी विद्यार्थीहरूलाई जिल्लाधीश सुश्री येस्सी D योङदाले सोरेङ सरकारी वरिष्ठ माध्यमिक विद्यालयको खेल मैदानबाट प्रस्थान गराउनुभयो। यसअवधि जिल्लाधीशले प्रतिभागीहरूलाई प्रोत्साहित गर्दै शुभकामना दिनुभयो। सरकारी ठेकादार श्री सुभाष तामाङले प्रतिभागी विद्यार्थीहरूलाई जर्सी प्रदान गरेर यस कार्यक्रमका निम्ति सहयोग पुऱ्याउनुभएको छ। सिक्किम एथ्लेटिक संगठनद्वारा आयोजित यो कार्यक्रम यसै महिनाको छब्बीसदेखि अट्ठाइस तारिकसम्म गान्तोकको रेसिथाङस्थित खेलगाउमा सम्पन्न हुनेछ, जसमा चौध, सोल्ह र अठार वर्षको उमेर अनि खुल्ला वर्गमा प्रतिस्पर्धा हुनेछ।

--------------------------------------X--------------------------------------